नेपाल सरकार
# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
## गुणस्तर मापन तथा नियमन महाशाखा

☎ : ०१-४२५४७५९
website : www.mohp.gov.np

आ.ब. २०८२/८३ ३ गु.मा.नि.
च.नं. १८

मिति: २०८२।०६।२४

**बिषय:- चिकित्सक, नर्सिङ्ग एवं अन्य स्वास्थ्यकर्मीहरुको पारिश्रमिक लगायतका सुविधाको व्यवस्था गर्ने सम्बन्धमा।**

श्री प्रतिष्ठान/सरकारी अस्पताल सबै,
श्री मेडिकल कलेज सबै,
श्री सामुदायिक/निजी अस्पताल सबै,

प्रस्तुत विषयमा यस मन्त्रालयबाट मिति २०८१।०८।२७ को निर्णयानुसार नर्सिङ्ग एवं स्वास्थ्यकर्मीहरुको सुविधा सम्बन्धमा देहाय बमोजिमका ५ (पाँच) बुँदा कार्यान्वयनका लागि पत्राचार भएकोमा सोको कार्यान्वयन नभएको भए तुरुन्त कार्यान्वयन गराउन र कार्यान्वयन अवस्था बारे मन्त्रालयमा प्रतिवेदन गर्न जानकारी गराईन्छ।

**तपसिल**

१.स्वास्थ्य संस्थामा कार्यरत सबै नर्सिङ्ग एवं अन्य स्वास्थ्यकर्मीहरुको लागि न्यूनतम पारिश्रमिक र सेवा सुविधा नेपाल सरकार सरह नघट्ने गरी लागु गर्नुपर्ने।
२. तोकिएको समय भन्दाबढी कार्यको लागि अतिरिक्त भत्ताको व्यवस्था गर्नुपर्ने।
३.स्वास्थ्य तथा शैक्षिक संस्थाले करार (नियुक्ति/सम्झौता) गरी राख्नुपर्ने, ज्यालादारीमा कार्य गराउन नपाईने, सक्कल शैक्षिक प्रमाणपत्रहरु कार्यालयले राख्न नपाईने।
४. अनुभवको पत्र प्रदान गर्नुपर्ने।
५.नर्सिङ्ग लगायत अन्य स्वास्थ्यकर्मीहरुको पारिश्रमिक बैकिङ्ग प्रणालीबाट मात्र उपलब्ध गराउने।

२०८२।०६।२४
राज कुमार पाण्डे
मेडिकल ल्याव टेक्नोलोजिष्ट

CamScanner